श्री ५ को सरकार

## निर्माण तथा यातायात मन्त्रालयको सूचना

श्री ५ को सरकारको मिति २०४२।४।७ को निर्णयानुसार नेपाल ईञ्जिनीयरिङ्ग सेवा, सिभिल समूह ट्रान्सपोर्टेशन उप-समूह राजपत्राङ्कित तृतीय श्रेणी (प्राविधिक) पञ्चायत तथा स्थानीय विकास मन्त्रालयअन्तर्गत सा. नि. शाखा, प्यूठानमा काजमा रहेका असिष्टेण्ट ईञ्जिनीयर श्री प्राणेश्वर पोखरेललाई निजामती सेवा नियमावली, २०२१ को नियम १०.१ (५) बमोजिम भविष्यमा सरकारी नोकरीको लागि अयोग्य नठहरिने गरी नोकरीबाट हटाइएको छ ।

आज्ञाले,
राजेन्द्रपुरुष ढकाल
उप-सचिव

## भूलसुधार

खण्ड ३५ मिति २०४२।५।१५ अतिरिक्ताङ्क २६ (ग) को नेपाल राजपत्र भाग ४ मा प्रकाशित राष्ट्रिय पञ्चायत सचिवालयका सह-सचिव श्री केशवलाल कर्माचार्यलाई कायम मुकायम मुकररबारेको यस सचिवालयको सूचनाको "मिति २०४२।५।१४" हुनुपर्नेमा "मिति २०४२।५।१५" हुनगएको साथै सोही सूचनाको तेस्रो हरफमा "जानुहुने भएकोले" हुनुपर्नेमा "जानु भएकोले" हुनगएकोले भूलसुधार गरिएको छ ।

श्री ५ महाराजाधिराजका प्रमुख सचिवालय
राजदरबार



श्री ५ को सरकारको छापाखाना, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

300